"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : संमृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# गाउँपालिका अध्यक्ष श्री बोधबिक्रम जि.सी. ज्यूबाट चौधौ गाउँसभामा पेश भएको आर्थिक वर्ष २०८०।०८१ को

# निति तथा कार्यक्रम

चिङ्गाड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत

चौधौ गाउँ सभा

१० आषाढ २०८०

# चिङ्गाड गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम
## १० असार २०८०

**गाउँसभाका सदस्यज्यूहरु,**

सर्वप्रथम यस चिङ्गाड गाउँपालिकाको बजेट अधिवेशन जस्तो गरिमामय अवसरमा आफ्नो व्यस्तताका बाबजुत सभामा पाल्नुभएका सम्पूर्ण सभा सदस्य ज्यूहरुलाई चिङ्गाड गाउँपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दै आभार प्रकट गर्दछु ।

नागरिकको घरदैलोमा सेवा प्रवाह गर्ने स्थानीय तहको निर्वाचनबाट नयाँ जनादेश सहित स्थानीय सरकार गठन भएसंगै लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहँदै दिगो शान्ती, सुशासन, विकास र समृद्धिको चाहना पुरा हुने सबल आधार प्राप्त भएको छ। यस सुखद अवसरमा गरिमामय चौधौं गाउँ सभामा अध्यक्षको हैसियतले सम्बोधन गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ।

यस अवसरमा देशको रक्षा, स्वाधीनता एवं आमूल परिवर्तनका लागि कहिले जहाँनिया राणाशासन, कहिले पंचायती व्यवस्था त कहिले निरङकुश राजतन्त्र विरुद्ध भुमिगत एवं अर्धभूमिगत निर्वाशनमा बसेर नेपाली जनताबाट पटक पटक भएका जनआन्दोलन, जनयुद्ध तथा सशस्त्र संघर्षको क्रममा ज्यान उत्सर्ग गर्नुभएका महान सहिदहरु प्रति भावपुर्ण श्रद्धासुमन अर्पण गर्दछु। विभिन्न संघर्षमा परि घाइते तथा अपाङ्ग हुनुभएका योद्धाहरुको पुर्ण स्वास्थ्य लाभको कामना एवं पिडित नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै राजनितिक दल, कर्मचारी प्रशासन, किसान, मजदुर, व्यापारी, नागरिक समाज, बुद्धिजिवि, विद्यार्थी, लगायत सम्पुर्ण चिङ्गाड वासी आमाबुवा, दिदिबहिनी, दाजुभाइहरुको योगदानलाई हार्दिक स्मरण गर्दछु।

बाह्रौ गाउँसभामा र तेह्रौ हिउँदे गाउँसभाबाट लिएका नीति तथा कार्यक्रम र बजेटबाट कतिपय योजना तथा कार्यक्रमहरु अगाडी बढाइ पुरा गर्न सकिएको छ भने कतिपय अगाडी बढिरहेका छन् र कतिपय उच्च प्राथमिकता प्राप्त कार्यान्वयन हुन बाँकी तथा विविध कारणले कार्यान्वयन गर्न नसकिएका योजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिने प्रतिबद्धता गर्दछु।

यो नीति तथा कार्यक्रम “कृषि, पर्यटन, पूर्वाधार र रोजगारीः समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी" को दिर्घकालिन सोचलाई अंगीकार गरि आर्थिक बृद्धि र सम्पन्नता, सामाजिक न्याय सहितको रुपान्तरुण, उत्पादन तथा उत्पादकत्व बृद्धि, गरिबी निवारण र आत्मानिर्भरता, स्वरोजगारी, रोजगारी र उद्यमशिलता विकास तर्फ परिलक्षित रहनेछ।

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको अभिमतबाट हाम्रो काँधमा “समृद्ध चिङ्गाड, खुसी चिङ्गाड वासी” बनाउने अभिभारा प्राप्त भएको छ। आम जनताका अपेक्षाहरुलाई प्राथमिकतामा राखी उपलब्ध श्रोत

र साधनहरुलाई अधिकतम सदुपयोग गर्ने लक्ष्य यो नीति तथा कार्यक्रमले अंगिकार गरेको छ।संघीय सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरुमा चिङ्गाड गाउँपालिका क्षेत्रको समग्र विकाससँग सम्बन्धित रहेर उल्लेखित भएका नीति तथा कार्यक्रम यो गाउँ सभाको नीति तथा कार्यक्रमको अभिन्न अंगको रुपमा लिएको छ ।

**गाउँसभा सदस्यज्यूहरु,**

चिङ्गाड गाउँपालिकामा कृषि, पर्यटन, मौलिक लोक कला, संस्कृति, जलस्रोत, पशुपालन, जडिबुटी, लघुउद्यम, उद्योग तथा व्यापार व्यवसायका लागि प्रचुर सम्भावना र अवसर भएता पनि यस गाउँपालिकाको आर्थिक स्रोतको मुख्य आधार भनेको कृषि हो । वर्तमान अवस्थामा रहेको गुजरामुखी कृषिलाई आधुनिक र व्यवसायिक कृषिमा रुपान्तरण गर्न सकेमा यस गाउँपालिकाको आर्थिक, सामाजिक समृद्धि सम्भव रहेको कुरामा म विस्वास दिलाउन चाहान्छु । यस गाउँपालिकामा विकासका प्रचुर सम्भावना हुँदाहुदै पनि भौगोलिक विकटता, आर्थिक परनिर्भता, सामाजिक सांस्कृति विविधता र उपलब्ध स्थानीय स्रोत र साधनको अपेक्षित उपयोग गरी जनताको जीवनस्तरमा उल्लेखिनिय परिवर्तन गर्नु आजको आवश्यकता हो । शान्ती, सुशासन र दिगो विकासको आकांक्षा पुरा गर्दै “कृषि, पर्यटन, पूर्वाधार र रोजगारीः समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी" को सपनाका साथ आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम यस चिङ्गाड गाउँपालिकाको गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु।

**चिङ्गाड गाउँसभाको नीतिगत अवधारण :**

चिङ्गाड गाउँपालिकाको सम्रग विकासको लागि विधिको शासन, संगठनात्मक संरचना र सो को कार्यान्वयनका लागि अवलम्बन गरेका दिर्घकालिन सोच, प्रमुख लक्ष्यहरु, मुख्य मुख्य उद्देश्यहरु तथा वार्षिक क्रियाकलापहरुले सरकारको वास्तविक अवस्थालाई झल्काउने गर्दछ। चिङ्गाड गाउँपालिकाले विगतका वर्षहरु देखि अवलम्बन गरेको नीति कार्यक्रम र पद्धतिहरुको प्रस्तावित खाका तपसिल अनुसार उल्लेख गरिएको छ।

**परिकल्पना :** “कृषि, पर्यटन, पूर्वाधार र रोजगारीः समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

**लक्ष्य :** आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण र मानवीय विकास मार्फत समावेशी, गुणस्तरीय र सन्तुलित दिगो विकासमा टेवा पुऱ्याउने

गाउँपालिकाको आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वन तथा वातावरण विकास र संस्थागत विकास तथा सुशासन जस्ता पाँचवाट विषयगत उद्देश्यहरु तय गरिएको छ।

**आर्थिक विकास :** आर्थिक विकासका अवसरहरु अभिवृद्धि गरी गाउँपालिका बासीको आय आर्जनमा वृद्धि भएको हुनेछ ।

**सामाजिक विकास :** गाउँपालिकाको सामाजिक सेवा तथा सुविधाको गुणस्तर र उपयोगमा अभिवृद्धि हुनेछ ।

**भौतिक पूर्वाधार विकास :** गाउँपालिकामा भौतिक पूर्वाधारको विकास व्यवस्थित, सुरक्षित र दिगो हुनेछ ।

**वन तथा वातावरण विकास:** वन वातावरण तथा जैविक विविधताका स्रोतहरुको दिगो व्यवस्थापन र उपयोग सुनिश्चत हुनेछ ।

**संस्थागत विकास तथा सुशासन :** सेवा प्रदायक तथा सेवाग्राहीको क्षमता र सामाजिक जवाफदेहिता तथा उत्तरदायित्वमा अभिवृद्धि गरिनेछ ।

**वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिईएका आधारहरु :**

आयोजनाहरु छनौट गर्दा आर्थिक विकास र गरिबी निवारण, उत्पादनमुलक र छिटो प्रतिफल दिने, राजश्व परिचालनमा योगदान गर्ने, सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने, स्थानीय स्रोत साधानमा आधारित भई जनसहभागीताको अभिवृद्धि गर्ने, लैंगिक समानता, सामाजिक समावेशिकरणको अभिवृद्धि हुने, दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशिलता बढाउने, स्थानीय परिवेश, संस्कृतिको पहिचान निर्माण गर्नुका साथै स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरुका आधारमा योजनाहरु पहिचान, छनौट र प्राथमिकिकरण गरिएको छ।

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारहरु ।
- नेपालको संविधानमा उल्लेखित मौलिक हक, नेपालको संविधानको भाग ४ अन्तर्गत रहेका आर्थिक तथा सामाजिक विकास, प्राकृति स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरुलाई आधार मानिएको छ ।
- संविधानको धारा ५९ को आर्थिक अधिकार ।
- भाग १९ को स्थानीय आर्थिक कार्यप्रणाली, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको वस्तुस्थिति विवरणको प्रतिवेदनलाई आधार लिईएको छ ।
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले तय गरेको नीति तथा प्राथमिकताहरु संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु र स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरुको आधारमा आयोजना प्राथमिकिकरण गरिएको छ ।

- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकार संचालन ऐनका प्रावधानहरु, स्थानीय तहका आवधिक योजनाहरु, नीति, रणनीति, योजनाहरु तथा अध्ययन प्रतिवेदनहरुको आधारमा योजना छनौट गरिएको छ ।
- विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन तथा पोषण, सामाजिक समावेशिकरण तथा लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पूर्ण सरसफाई, उर्जा संकट लागायतका अन्तर सम्बन्धित विषयहरु, स्थानीय तहले आवश्यक देखेका खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु र स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरुका आधारमा नीति तथा कार्यक्रमहरुको तय गरिएको छ ।

  - स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
  - वजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४,
  - संघीय सरकारले अंगिकार गरेको पन्ध्रौं आवधिक योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु,
  - कर्णाली प्रदेश सरकार तथा चिङ्गाड गाउँपालिकाका आवधिक योजनाहरु,
  - दिगो विकासका लक्ष्यहरु,
  - नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
  - सरोकारवालाहरुबाट प्राप्त राय/सुझावहरु,
  - सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त योजना तथा सुझावहरु,
  - विगतका वर्षहरुमा भएका गाउँसभाका निर्णयहरु,
  - स्थानीय राजश्व परामर्श समिति, बजेट सीमा निर्धारण तथा स्रोत अनुमान समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझावहरु,
  - लेखा परीक्षण प्रतिवेदन लगायत विभिन्न कार्यक्रमबाट प्राप्त सुझावहरु,
  - चिङ्गाड गाउँपालिकाका विभिन्न ऐन, नियम, कार्यविधि र निर्देशिकाहरु,

**सभा सदस्यज्यूहरु,**

**मुख्य नीतिहरु :**

- "चिङ्गाडको समृद्धि, उत्पादन र उत्पादकत्वमा वृद्धि" भन्ने अभिष्ठका साथ चिङ्गाडलाई आत्मनिर्भर बनाउन छिटो र उच्च प्रतिफलयुक्त तथा बहुआयामिक उत्पादनका कार्यक्रमहरु संचालन गरिनेछ।

- “भोलिको हर्ष, समृद्धिको आधार वर्ष” भन्ने मुल ध्येयका साथ चिङ्गाड क्षेत्रको पहिचान र दिगो विकाससँग जोडिएका बहुपक्षिय विकासका आयोजनाहरुलाई चिङ्गाड गौरबका आयोजनाका रुपमा घोषणा गरि प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
- आफ्नो स्रोत साधनले सम्पन्न गर्न नसकिने प्राथमिकता प्राप्त आयोजनाहरुको संचालनका लागि संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति र दातृ निकायहरुसँग साझेदारी गर्नका लागि समपूरक कोषमा बजेट विनियोजन गरिनेछ।
- समाजमा व्याप्त कुलत, दुर्व्यसन, विकृती तथा विसँगतिमा फसेका युवाहरुलाई रचनात्मक एवं सिर्जनात्मक कार्यमा अभिप्रेरित गर्नका लागि चिङ्गाड युवा कार्यक्रम संचालन गरिनेछ।
- उत्पादनशील तथा रोजगारीमूलक क्षेत्रमा स्रोत, साधन र लगानी केन्द्रित गरि फजुल तथा अनुत्पादक खर्च रोकी वित्तीय सुशासन कायम गरिनेछ।
- गाउँपालिका भित्रका ६० वर्ष माथिका एकल पुरुषलाई मासिक एकल पुरुष भत्ता दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- विविध कारणले बैदेशिक रोजगारी गुमाई आफ्नो गाउँ फर्किएका नागरिकहरुलाई "हामी बनाउँछौं हाम्रो गाउँ" अभियान संचालन गर्न श्रम तथा सिप उपयोग हुने उच्च प्रतिफल युक्त उत्पादनमुखि रोजगार तथा स्वरोजगारका कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिने व्यवस्था गरिनेछ।
- संघीय सरकार, प्रदेश सरकार र अन्तर स्थानीय तह बीचको सहयोग, समन्वय, सहकार्य र संवाद गर्नुपर्ने विषयलाई निरन्तरता दिईनेछ। साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भगिनी सम्बन्ध स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।
- "घर घरमा, अर्गानिक कृषि फर्म" अभियान संचालन गरि कृषिमा व्यवसायीकरण, विविधिकरण र यान्त्रीकिकरण मार्फत उच्च मुल्य तथा उत्पादकत्व भएका अन्नबाली, तरकारी, पशुपंक्षी, फलफुल, मत्स्य, चिया, कफि र मसला जन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्न जोन तथा पकेट निर्माण गरेर दिगो सिचाई, मल, बिउ तथा जैविक विषादिको सहज उपलब्धता, बालीसंरक्षण, व्यावसायीकरण, प्रशोधन, भण्डारण एवं बजारीकरणका लागि विशेष अनुदानका कार्यक्रमहरु कार्यान्वयन गरि बाँझो जमिन रहित पालिका बनाइनेछ।
- पालिका भित्रका सवै कृषक घरधुरीहरुलाई अनिवार्य कृषक समुहमा आवद्ध गराइनेछ।
- कृषकहरुलाई जडीबुटी पहिचान तथा खेतीमा आकर्षित गरी आम नागरिकहरुलाई आर्युवेदिक आरोग्य सेवा मार्फत योग साधना तथा ध्यान गर्न विशेष पहल गरिनेछ।
- हरेक नागरिकमा गुणस्तरीय सुरक्षित पिउने पानीको पहुँच बढाउन स्रोत पहिचान तथा मुहान संरक्षण गरि संचालनमा रहेका खानेपानी आयोजनाहरुको नियमित मर्मतसंभार, पानीको प्रयोगशाला स्थापना गरी खानेपानीको गुणस्तर परीक्षण र आवश्यकताका आधारमा नयाँ खानेपानी आयोजना संचालन गरि प्रत्येक घर, सार्वजनिक निकाय र सार्वजनिक स्थलमा मिटर सहितको धारा जडान गरिनेछ।

- गुणस्तरीय शिक्षा र स्वास्थ्यमा आम नागरिकको सहज पहुँच स्थापित गरिनेछ।
- पारिस्थितिक, पर्यावरणीय तथा भौगोलिक सन्तुलन कायम गर्दै दिगो विकासका मान्यतामा ह्रास नआउने गरि पुर्वाधार विकासलाई द्रुत मार्गबाट सम्पन्न हुने गरि संचालन गरिनेछ।
- उच्च मुल्य तथा उत्पादन भएका कृषि एवं पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि, संरक्षण, संकलन, प्रसोधन, भण्डारण, विविधिकरण र बजारीकरण गर्न, नविन प्रविधि र दक्ष प्राविधिक सहित आम नागरिकको पशु तथा कृषि व्यवसायमा आकर्षण बढाउनका लागि पशु तथा कृषि स्वयं सेवकको व्यवस्था गरिनेछ। साथै जनताको जिविकोपार्जन र आयआर्जनसँग सम्बन्धित कृषि तथा पशु उत्पादनका कार्यहरु सहकारी मार्फत प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- हाम्रो सभ्यताको जननीको रुपमा रहेका मौलिक लोककला संस्कृतिक र लोक साहित्यको संरक्षण तथा संवर्द्धन गरिनेछ।
- बालविवाह, जातीय भेदभाव, लैङ्गिक हिंसा लगायत सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्न सामाजिक एकता, सहिष्णुता र सद्भाव कायम गरि न्यायपुर्ण तथा समतामुलक समाजको निर्माण गरिनेछ।
- दिगो विकासको मापदण्ड बमोजिम बृहत भू-उपयोग गुरुयोजना तयार गरि जमिनलाई सडक, बजार, आवास, कृषि, वन, उद्योग, सार्वजनिक क्षेत्रमा वर्गिकरण गरिनेछ।
- टोल विकास संस्था गठन तथा तिनको क्षमता अभिवृद्धि गरी सभ्य समाज निर्माण, सामाजिक परिचालन तथा उत्पादन सँग जोडिनेछ।
- सेवा प्रवाहमा दक्षता सहित गुणस्तर अभिवृद्धि गरि प्रभावकारीता तथा सुशासन प्रवर्द्धन गरिनेछ।
- आर्थिक, सामाजिक, शैक्षिक, भौतिक तथा वातावरणीय रुपमा सहज र सुलभ हुने उपयुक्त स्थानको पहिचान गरि एकिकृत वस्ती विकासको लागि सम्भाव्यता अध्ययन गरि प्रक्रिया अगाडी बढाइनेछ।
- चिङ्गाड गाउँपालिका भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुलाई जग्गाधनी पुर्जा वितरण गर्ने प्रक्रिया अगाडी बढाइनेछ।
- जनयुद्ध तथा जनआन्दोलनका सहिद, वेपत्ता, घाइते र द्वन्द पिडितका परिवार र नागरिकहरुका लागि स्मृतिकरण तथा विशेष कार्यक्रम ल्याइनेछ।
- दिगो विकासका लक्ष्यहरुलाई आन्तरिकीकरण गरिदै लगिनेछ ।
- चिङ्गाड गाउँपालिकाको मध्यभागबाट बग्ने चिङ्गाड खोलाको संरक्षण एवं उपभोग गर्नका लागि खोलामा उत्खनन हुने नदिजन्य पदार्थको अधिकतम सदुपयोग गर्नुका साथै खोलामा पाईने माछालाई पारिस्थितिक प्रणाली र जलवायु अनुकुलन हुनेगरि आयकर ठेक्का मार्फत आन्तरिक श्रोतको दायरा बढाईनेछ।
- आगामी आर्थिक वर्षमा विभिन्न क्षेत्रहरुको अवस्था आकलन गर्ने र आवश्यक रणनीति तय गर्ने एक खाकाका रुपमा पालिकाको आर्थिक सर्वेक्षण गरिनेछ ।

- सेवा प्रवाहलाई छिटो छरितो र प्रविधि मैत्री बनाउनको लागी यसै वर्ष १५ सैया अस्पताल र पालिकाको प्रशासकीय भवन बनाउनको लागी आवश्यक प्रक्रिया अगाडी बढाइने छ ।

**सभा सदस्यज्यूहरु,**
**क्षेत्रगत नीतिहरु :**
**१. आर्थिक विकास :**
**(क) कृषि, पशुपंक्षी तथा मत्स्य विकास :**

- कृषि तथा पशुजन्य व्यवसायलाई प्रमुख उत्पादन एवं रोजगार उन्मुख बनाई आर्थिक समृद्धिको मुख्य आधार क्षेत्रको रुपमा विकास गरिनेछ।
- कृषि प्रणालीमा आधुनिकीकरण, विविधिकरण र यान्त्रीकिकरण ल्याउनुको साथै फलफूल, जडिबुटी, चिया, कफी, मसला जन्य र तरकारी खेतीलाई प्रोत्साहन गरिनेछ।
- कृषि तथा पशुपंक्षी व्यवसायमा आधारित अनुदानलाई उत्पादनमा आधारित बनाइनेछ।
- गाउँपालिका भित्रका प्रत्येक नागरिकहरुलाई कृषि समुह र सहकारीमा आबद्ध गरि पालिका भित्रका प्रत्येक टोल कृषि समुहमा जोडि कृषिका कार्यक्रमहरु समुह र सहकारी मार्फत लगिनेछ।
- गाउँपालिका स्तरीय र वडा स्तरीय नर्सरी स्थापना गरिनेछ।
- प्रत्येक वडामा उत्पादनको सम्भावनालाई मध्यनजर गरी एक वडा एक उत्पादन विशेष पकेट क्षेत्र वा अर्गानिक कृषि जोन निर्माण गरिनेछ।
- स्थानीय जातको रैथाने बाली कोदो, जौं, कागुनो, जुनेलो, फापर, गहत, माटे जस्ता बालीलाई प्रवर्द्धन गरि रैथाने बालिको उत्पादनबाट बन्ने बस्तुलाई बजारीकरणको व्यवस्था सहित विशेष प्राथमिकता दिईनेछ।
- कृषक समूह वा सहकारीहरु मार्फत वीउ विजन, प्राङ्गारीक मल तथा जैविक विषादी उत्पादनको कार्यक्रम ल्याई मुल विउ विजन, प्राङ्गारीक मल तथा जैविक विषादीमा गाउँपालिकालाई आत्मनिर्भर बनाइनेछ।
- कृषि तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ।
- उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पशुहरुमा कृत्रिम गर्भाधान सेवालाई निरन्तरता दिइनेछ।
- पशु स्वास्थ्य सेवा, पशुपंक्षी रोग नियन्त्रण तथा उपचारसेवालाई प्रभावकारी बनाउन आधारभुत पशुपंछी प्रयोगशाला र गाउँघर पशु स्वास्थ्य क्लिनिक सेवा स्थापना गरिनेछ।
- कृषि, पशुपंक्षी, मत्स्य तथा जडिबुटी जन्य फर्म, समूह वा समिति दर्ता, अद्यावधिक एवं सञ्चालन गरि उत्पादीत उपजको संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरणको आवश्यक व्यवस्था मिलाई कृषि, पशु, मत्स्य तथा जडिबुटी विकासमा जोड दिइनेछ।
- कृषि तथा पशुपंक्षी हाट बजार लगाउने व्यवस्था मिलाइनेछ।

- पालिका भित्रका व्यवसायीक कृषकहरुका लागि सहुलियत दरमा सहकारी मार्फत लगानी भएको कृषि ऋणको व्याज अनुदानको व्यवस्था मिलाइनेछ।
- आगामी आ.व मा वडा नं ३ मा सामुदायिक कृषि प्रसार सेवा केन्द्रको स्थापना तथा संचालन गरिनेछ।
- कृषिलाई सम्मानीत पेशाको रुपमा विकास गर्न कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्नुका साथै उत्कृष्ट कृषक छनोट गरि पुरस्कृत गरिनेछ ।
- पालिका भित्रका सम्भावित स्थान पहिचान गरि लोक्ता, चिया र कफि खेति प्रवर्धन कार्यक्रम संचालन गरिनेछ।
- सामुहिक तथा सहकारी खेती प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।

**(ख) उद्योग, वाणिज्य र रोजगारी :**

- स्थानीय कच्चा बस्तुमा आधारीत लघु तथा घरेलु उद्योगहरुको स्थापना र संचालनमा विशेष प्रोत्साहन गरिनेछ।
- उद्यमलाई उत्पादन र उत्पादनलाई बजारसँग जोडिनेछ।
- लघु उद्यमीहरुलाई निःशुल्क वा लागत साझेदारीमा सीपमुलक तालिम, क्षमता विकास, उत्पादन प्रवर्धन, प्रविधि हस्तान्तरण लगायत विभिन्न कार्यक्रमहरु सञ्चालन गरि उत्पादनमुलक रोजगारी र स्वरोजगारी सृजना गरिनेछ।
- श्रमिक, महिला तथा लक्षित वर्ग उन्मुख सहकारी संस्थाहरुको संस्थागत क्षमतामा दिगोपन अभिवृद्धि गर्ने कार्यक्रमहरु गरिनेछ।
- उद्योग वाणिज्य लगायतका निजी क्षेत्रहरुसँग समन्वय तथा सहकार्य गरी उत्पादित वस्तुहरुको बजारीकरणका लागि आवश्यक प्रबन्ध मिलाइनेछ।
- लघु, घरेलु, साना, मझौला तथा ठुला उद्योगहरुको स्थापनाका लागी सरकारी, सहकारी र निजि क्षेत्रसंग समन्वय र सहकार्य गर्दै उद्योगीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- अल्लो, अदुवा, वेसार, लसुन, टिमुर, पशु जन्य कच्चा पदार्थ, वन जन्य कच्चा पदार्थ र जुडिवुडी जस्ता स्थानीय उपजको प्रशोधन, प्याकेजिङ्ग तथा विविधिकरण र बजारीकरणका लागि विशेष पहल गरिनेछ।
- राष्ट्रिय नीति अनुरुप एक पालिका एक औधोगिक ग्राम स्थापना गर्न आवश्यक प्रक्रिया अगाडी वढाईनेछ ।

**(ग) पर्यटन विकास :**

- समग्र पर्यटन विकासका लागि "चिङ्गाड पर्यटन विकास समिति" गठन गरिनेछ।

- धार्मिक, साँस्कृतिक तथा वातावरणीय रुपमा महत्व बोकेको मालिका क्षेत्रलाई खुला जुलोजिकल तथा बोटानिकल पार्कको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन कार्यलाई अगाडी वढाईनेछ।
- एकिकृत पर्यटकिय गुरुयोजना तयार गरि सम्भाव्य पर्यटकिय क्षेत्रहरुको विस्तृत परियोजना तयार गरिनेछ साथै मालिका पर्यटन पदमार्ग निर्माण, बुरुसे झरना, मालिका फलामखानी, घनघने गुफा, कंदरे ओडार, उत्तरगंगा, विर्खम डाडाँ (चिया बगान), तामाखानी गुफा, देउती बज्यै मन्दिर ठाँटिबजार, मण्डली पाम्का, भैरवमन्दिर अवलचिङ्ग, शिवमन्दिर मटेला र रानीवास, छाँया क्षेत्र अवलचिङ्गलाई पर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ। साथै उल्लेखित क्षेत्रको पर्यटन विकासको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।
- पर्यटन विकासमा स्थानीय समुदाय, सहकारी क्षेत्र र निजिक्षेत्रलाई आकर्षित गरिनेछ।
- प्राकृतिक, वातावरणीय, जैविक, पुरातात्वीक, धार्मिक तथा साँस्कृतिक रुपमा महत्व बोकेका सम्पदाहरुको पहिचान, संरक्षण र प्रवर्धन गरि आवश्यक पूर्वाधारहरुको विकासमा जोड दिईनेछ।
- चिङ्गाड गाउँपालिका भित्र बसोवास गर्ने जाति एवं समुदायहरुको पहिचानको रुपमा परापुर्व काल देखि चल्दै आएका मौलिक चाड पर्व, विभिन्न मेला/जात्रा, लोक भाका, ठाडी भाका, पन्चेबाजा, जन्ते/खाँडो नाच, पैंसरी/लहरे नाच, सिंगारु नाच, रत्यौली नाच, गर्रा नाच लगायतका मौलिक रिति, रिवाज तथा संस्कृति र भाषाको संरक्षण एवं प्रवर्द्धन गरिनेछ।
- पर्यटन क्षेत्रलाई व्यवसायिकरण गर्न परम्परागत हस्तकलाका घरेलु उत्पादनमा जोड दिनुका साथै स्थानीय अर्गानीक खाना तथा आवासका लागि होमस्टे संचालन गरि ग्रामिण पर्यटन विकासलाई प्रवर्धन गरिनेछ।

**(घ) सहकारी विकास :**

- "समृद्धि संग सहकारी" मुख्य ध्येयका साथ सहकारी क्षेत्रलाई उत्पादन संग जोडि सामाजिक एवं साँस्कृतिक रुपान्तरण सहित आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गरिनेछ।
- यस गाउँपालिकामा दर्ता भई उद्देश्य बमोजिम संचालनमा रहेका सहकारी संस्थाहरुको संस्थागत दिगो विकास तथा प्रवर्धनका लागि सहकारी शिक्षा तथा क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला आयोजना गर्नुका साथै सहकारी कर्मीहरु विच ज्ञान, सिप र अनुभव आदान प्रदानका लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रम गरिनेछ।
- उत्पादक (कृषि, पशुपालन, जडीबुटी), बहुउद्देश्यीय र उपभोक्ता सहकारी संस्थाहरुलाई संचालन तथा व्यवस्थापनमा प्रोत्साहन गरिनेछ।
- सहकारी संस्था मार्फत उत्पादनमा आधारीत अनुदान तथा प्रोत्साहनमा आधारित विउ विजन, मल, विषादी, प्रविधि तथा ज्ञानको सहज उपलब्धता स्थानीय उपजको खरिद, विक्री तथा बजारीकरण गर्न कृषि एम्बुलेन्स संचालन गरिनेछ।

- स्थानीय उपजको संकलन तथा विउ संरक्षण एवं उपज भण्डारणका लागि सहकारी घर निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ।
- सहकारी संस्थाहरुको नियमित नियमन गरी दण्ड र प्रोत्साहनको नीति लिइनेछ।
- सहकारी संस्थाहरुको सेयर सदस्य, पुंजी, उद्देश्य तथा कार्यक्षेत्रका आधारमा मर्ज (विलय) हुन प्रोत्साहन गरिने र नियमित कारोवार नगरेका निष्कृय सहकारी संस्थाहरुलाई खारेज गर्ने नीति लिइनेछ।

**(ङ) राजश्व :**

- राजश्व सुधार योजना बनाई राजश्व परिचालनलाई थप व्यवस्थित गर्दै करका सबै क्षेत्रहरुलाई करको दायरामा ल्याउनुका साथै सम्भावित करयोग्य क्षेत्रहरुको अध्ययन तथा पहिचान गरि करको दायरा फराकिलो बनाइनेछ।
- स्थानीय वजार र व्यवसायीहरुलाई प्रोत्साहान गर्दै आगामी आ.ब को सुरुवात देखि व्यवसाय करलाई अभियानको रुपमा संचालन गरिनेछ।
- करदाता शिक्षालाई व्यापक र प्रभावकारी बनाइनेछ।
- नियमित र सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ।
- राजश्व प्रणालीलाई चुस्त र व्यवस्थित गर्न प्रविधि मैत्री बनाइनेछ।

**(च) बजेट तथा स्रोत परिचालन :**

- उच्च उत्पादन र आय हुने क्षेत्र तथा स्रोतहरुको पहिचान गरी व्यवस्थित गर्दै लगिनेछ।
- कार्यालयको लेखा, महालेखा परिक्षकको कार्यालयले तोकेको ढाँचामा व्यवस्थित, वैज्ञानिक र प्रणालीवद्ध गर्न EFT सहित SuTRA सफ्टवेयरलाई थप प्रभावकारी बनाई वित्तीय अनुशासन सहितको पारदर्शिता र वित्तीय जवाफदेहिताको नीति अवलम्बन गरि सुशासन कायम गरिनेछ।
- पालिका, विषयगत शाखा, वडा कार्यालय तथा पालिका मातहतका कार्यालयहरुबाट प्रवाहहुने सेवा र कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको सञ्चालन, व्यवस्थापन र भुक्तानी प्रणालीलाई प्रविधिमैत्री र सहजबनाई एकरुपता कायम गरिनेछ।
- बेरुजु फछ्र्यौट तथा सम्परिक्षण समयमै गर्ने व्यवस्था गरिनेछ।

**२. सामाजिक विकास :**

**(क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण :**

**अ. दलित तथा विपन्न उत्थान कार्यक्रम :**

- विपन्न दलित, पिछडिएको वर्ग र क्षेत्रको उत्थानका लागि स्थानीय सीपमा आधारित रोजगारमुलक कार्यक्रम संचालन गरिनेछ।

- दलित तथा विपन्न वर्गमाथि हुने सबै प्रकारका भेदभाव, विभेद, छुवाछुत, अन्याय र उत्पीडनको अन्त्य गरिनेछ।

**आ. अपांगता लक्षित कार्यक्रम :**

- अपाङ्गता भएका व्यक्तिहरुको पहिचान तथा वर्गीकरण गरि अपाङ्ग परिचय पत्र वितरण गरिनेछ।
- कार्यालयबाट प्रवाह हुने सेवा प्रवाह र भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाइनेछ।
- अपाङ्ग विद्यार्थीहरुलाई शैक्षिक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको सहज जिवनयापनको लागि शिक्षा, स्वास्थ्य, सिप विकास र रोजगारीका अवसरमा पहुँच वृद्धि गराउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ । साथै अपाङ्गहरुको लागि सहायता उपकरण उपलब्ध गराईनेछ ।

**इ. बालबालिका लक्षित कार्यक्रम :**

- गाउँपालिका स्तरीय बाल संजाल, वडा स्तरिय समिति गठन गरि वाल संजाल मार्फत बालबालिकाको सृजनात्मक, रचनात्मक, नैतिक तथा बौद्धिक क्षमता अभिवृद्धि गरि सर्वाङगीण विकासमा जोड दिइनेछ।
- "बिहावारी बिस बर्ष पारी" भन्ने अभिष्टलाई सार्थक पार्न बालबिबाहलाई पुर्ण रुपमा निरुत्साहित गरि बालविवाह मुक्त गाउँपालिका बनाउने अभियान संचालन गरिनेछ।
- स्थानीय सरकार संचालनमा बालमैत्री शासनलाई प्राथमिकता दिईनेछ।
- छोरी जन्म बचत कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

**ई. जेष्ठ नागरिक लक्षित कार्यक्रम :**

- जेष्ठ नागरिकहरुको अनुभव आदानप्रदान तथा भेटघाट थलोका रुपमा जेष्ठ नागरिक भेटघाट कक्ष स्थापना गरिनेछ।
- ६० वर्ष माथिका एकल पुरुषहरुलाई एकल पुरुष भत्ता वितरणलाई निरन्तरता दिइनेछ।
- ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**उ. महिला लक्षित कार्यक्रम :**

- पालिका भित्रका महिलाहरुलाई श्रम रोजगार तथा जिविको पार्जनमा सहयोग गर्ने हेतुका साथ महिला उद्यमी रोजगार कार्यक्रम मार्फत न्युनतम रोजगारीको सुनिश्चितता गरिनेछ।
- संगठित संस्था, महिला समुहहरुसँगको समन्वय तथा सहकार्यमा तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रमहरु संचालन मार्फत उत्पादनमुलक क्षेत्रमा आवद्ध गरि रोजगार वा स्वरोजगार बनाइ आत्मनिर्भर गराइनेछ।

**ऊ. युवा लक्षित कार्यक्रम :**

- युवाहरुको ज्ञान, सिप र क्षमतालाई उपयोग गर्न तथा कुलतबाट टाढा राखी सकारात्मक तथा रचनात्मक ढंगले समृद्ध चिङ्गाड निर्माणमा जोड्न चिङ्गाड युवा कार्यक्रम संचालन गरिनेछ।
- प्रत्येक वडामा यूवा कार्यदल गठन गरी उत्पादन र पुर्वाधार विकासमा परिचालन गरिनेछ।
- प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रम उत्पादनमुलक क्षेत्र संग जोडिनेछ।

**ए. आदिवासी जनजाती तथा विपन्न खस आर्य लक्षित कार्यक्रम :**

- आदिवासी जनजातीहरुको पहिचानको रुपमा स्थापित मौलिक कला संस्कृति, भेषभूषा सिप लगायतका पहिचान प्रवर्द्धन गरिनेछ ।
- आदिवासी जनजाती तथा विपन्न खस आर्य समुदायका नागरिकहरुका लागि आयआर्जन र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

**(ख) शिक्षा :**

- चिङ्गाड नमुना विद्यालय कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- सशर्त अनुदान मार्फत प्राप्त पालिका भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक स्तरमा अभिवृद्धि गर्न मा.वि. तहका विद्यालयमा ई-लाइब्रेरी, सूचना प्रविधि र विज्ञान प्रयोगशाला छनौट गरि कार्यान्वयन गरिनेछ ।
- पढाई व्यवस्थापन कार्यविधि मार्फत शिक्षक व्यवस्थापन गरि पढाईको गुणस्तरमा सुधार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- पालिका भित्रका उच्च शिक्षा अध्ययन (चिकित्सक, इन्जिनियर, पशु तथा कृषि प्राविधिक) गर्न अति विपन्न, दलित वर्ग र समुदायका जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति कार्यक्रम मार्फत प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयहरुको स्तर उन्नतिका लागि साधन स्रोतले सम्पन्न बनाउदै लगिनेछ।
- पालिका भित्र प्राविधिक शिक्षा संचालन भएका विद्यालयहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानलाई निरन्तरता दिई एकै स्थानमा संचालन गर्ने व्यवस्था गरिनेछ ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान तथा विद्यालयलाई समायोजन (मर्ज) गराउने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लिईनेछ ।
- सशर्त अनुदानमा प्राप्त बजेट मार्फत सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई प्रोत्साहन गर्न “स्यानिटरी प्याड किशोरीको हातमा" कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पढने बानीको विकास गर्न र पुस्तकालय व्यवस्थापन गर्न सामुदायिक अध्ययन केन्द्रलाई सवलीकरण गरिनेछ ।

- विद्यालयमा “पढदै सिक्दै कमाउदै" अवधारणलाई कार्यान्वयन गर्न विद्यालयलाई उत्पादनसंग जोड्न आयआर्जन मुलक कृषि पशु सिपमुलक तथा व्यवसायिक मुलक कार्यक्रम संचालन गरिनेछ।
- उत्कृष्ट कार्यसम्पादनको आधारमा सामुदायिक विद्यालयमा कार्यरत प्र.अ., शिक्षक, स.का. र का.स. लाई सम्मान गरिनेछ ।
- विद्यालयमा कला संस्कृति तथा खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पालिका सँग विद्यार्थी कार्यक्रम संञ्चालन गरिनेछ ।
- चिङ्गाड प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।
- गुणस्तरिय र प्रतिष्पर्धी शिक्षाका लागि संघ, प्रदेश, पालिका र गैसस संगको सहकार्यमा डिजिटल शिक्षा कार्यक्रम लागु गरिनेछ ।

**(ग) स्वास्थ्य तथा सरसफाई :**

- स्वास्थ्य सेवालाई सर्वसुलभ पहुँचयोग्य र विश्वसनिय गराउन स्वास्थ्य क्षेत्रमा प्रणालीगत सुधार गरी प्रत्येक स्वास्थ्य संस्थामा एम्वुलेन्स सेवा र आधारभुत प्रयोगशाला सेवा संचालन गरिनेछ ।
- वडा न ४ मा स्वास्थ्य संस्था स्थापना गरिनेछ ।
- प्राथामिक स्वास्थ्य केन्द्र अवलचिङ्गबाट चिकित्सकिय विशेषज्ञ सेवा संचालन गरिनेछ ।
- "मेरो स्वास्थ्य विमा म गर्छु" अभियान संचालन गर्न जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीले अनिवार्य स्वास्थ्य बिमा गरि सम्पुर्ण नागरिकहरुलाई स्वास्थ्य विमा अभियानमा जोडिन अभिप्रेरित गरिनेछ ।
- अशक्त, ज्येष्ठ नागरिक, आर्थिक र सामाजिक रुपमा विपन्न वर्ग तथा अन्य लक्षित समुहका लागि विशेष स्वास्थ्य सामाजिक सुरक्षा कार्यक्रम संचालन गरिनेछ ।
- आधारभुत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउन स्वास्थ्य संस्थामा तोकिएका औषधिको नियमित आपुर्ति गरि बिरामीको संख्या तथा रोगको आधारमा औषधीको माग आपुर्तिमा सन्तुलन गरिनेछ।
- गाउँपालिका भित्रका सबै क्षेत्रमा आधारभूत तथा विशिष्ट स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न सरकारी, सामुदायिक, गैरसरकारी तथा निजि क्षेत्रहरुसँग सहकार्य र समन्वय गरिनेछ।
- समुदायस्तरमा महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोबल बढाउन योग्यता र क्षमताको विकास गरी प्रोत्साहन गरिनेछ।
- गर्भवती/सुत्केरी आमाहरुलाई पोषण तथा स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरिनेछ ।
- राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमहरु (बाल तथा मातृ मृत्युदर घटाउन, सुरक्षित मातृत्व, बालस्वास्थ्य, बहुक्षेत्रिय पोषण, परिवार नियोजन, खोप कार्यक्रम, सरुवा रोग तथा नसर्ने रोग

नियन्त्रण) लाई प्रर्वद्धनात्मक, उपचारात्मक र प्रतिरोधात्मक उपाय अवलम्वन गरि प्रभावकारी रुपमा संचालन गरिनेछ ।

- पालिका भित्रका स्वास्थ्य संस्थाहरुमा ईन्टरनेटको पहुँच वृद्धि, विद्युतीय स्वास्थ्य सूचना प्रणाली सुधार र प्रविधि युक्त बनाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका जेष्ठ नागरिक, अशक्त नागरिक र आधारभुत स्वास्थ्यको पहुँच नपुगेका नागरिकहरुका लागि निःशुल्क घुम्ती स्वास्थ्य शिविर संचालन गरि विषेशज्ञ सेवा बस्ती स्तरमा पुर्याईनेछ।
- "स्वच्छता भित्र स्वस्थ नागरिक" जीवन यापनका लागि फोहोरमैला विहिन वातावरणको सिर्जना गर्न सरकारी, गैरसरकारी, निजी क्षेत्र, नागरिक समाज र आमनागरिकको सहभागिता, समन्वय र सहकार्यमा नागरिक सचेतनाका कार्यक्रम संचालन गरिनेछ।
- फोहोरमैलाको दीर्घकालिन व्यवस्थापनका लागि आवश्यक फोहोर विसर्जन स्थल (ल्यान्ड फिल साइट) को सम्भाव्यता अध्ययन गरिनेछ।
- गाउँपालिकामा महामारी रोगहरुको पहिचान खोज पड्ताल तथा प्रभावकारी व्यवस्थापन गर्न आपतकालिन स्वास्थ्य सेवा कोष स्थापना गरिनेछ।
- सुनौला हजार दिनका आमा र बालबच्चाको पोषणमा सुधार ल्याउनका लागि "पालिका पोषण कोसेली भेट" कार्यक्रम संचालन गरिनेछ ।
- मनोसामाजिक परामर्श सेवा कार्यक्रमलाई थप व्यवस्थित बनाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य सेवा थप प्रभावकारी बनाउनका लागि सार्वजनिक विदाको दिन पनि सेवा प्रबाहलाई निरन्तरता दिइनेछ ।

**(घ) खेलकुद विकास :**

- "स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने राष्ट्रिय मुल नारालाइ आत्मसाथ गरि खेलकुदको संस्थागत विकासका लागि चिङ्गाड खेलकुद विकास समितिलाई खेलकुद क्षेत्रमा युवालाई परिचालित गरि सक्रिय बनाईनेछ।
- गाउँपालिका क्षेत्रभित्र उचित स्थानमा खेलकुद मैदान निर्माणका लागि क्षेत्र निर्धारण गरिनेछ।साथै खेलकुदका गतिविधिहरु संचालन गरी युवाहरुलाई कुलत, दुर्व्यसन लगायत गलत क्रियाकलपबाट बचाई समाज रुपान्तरणमा परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाहरुसंगको सहकार्यमा खेलकुद कार्यक्रम संचालन गर्न, आन्तरिक तथा बाह्यय प्रतियोगिता तथा कार्यक्रममा सहभागी हुन एवम् खेलकुद प्रतियोगिता गर्न गराउन प्रोत्साहन गरिनेछ।

**(ङ) धर्म, संस्कृति र साहित्य :**

- हाम्रो चिनारी तथा पहिचानको रुपमा स्थापित मौलिक लोक कला संस्कृति र लोक साहित्यको संरक्षण, संवर्धन र विकास गर्न चिङ्गाड सांस्कृतिक संग्राहलय सहितको चिङ्गाड साँस्कृतिक घर निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ।
- लोक संस्कृति र लोक साहित्यमा महत्वपुर्ण योगदान पुर्याएका पुराना तथा नयाँ पुस्ताका कलाकार, साहित्यकार र संस्कृति कर्मिलाई सम्मान र नव प्रतिभा पहिचान कार्यक्रम गरिनेछ।
- हाम्रो सभ्यताको जननी मानीने संस्कृतिको पहिचान तथा खोज अनुसन्धानका लागि सांस्कृतिक कार्यशाला आयोजना गरि विभिन्न कार्यपत्र तथा सोधपत्र मार्फत चिङ्गाड चिनारी तयार गरिनेछ।
- मौलिक लोक कला संस्कृति र लोक साहित्यको संरक्षण, संवर्धन र विकास गर्न चिङ्गाड सांस्कृतिक विकास समिति गठन गरिनेछ।
- धार्मिक तथा संस्कृतिक परम्परा अनुसार दाहसंस्कारलाई व्यवस्थित गर्न यस गाउँपालिकाको उपयुक्त स्थानहरुमा चिहान घाट क्षेत्र निर्धारण र प्रतिक्षालय निर्माण गरिनेछ ।

**३. पूर्वाधार विकास :**

**(क) सडक तथा पुल :**

- गाउँपालिका स्तरको चिङ्गाड चक्रपथ निर्माणका लागि यसै आर्थिक वर्षमा सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ।
- सबै वडा तथा गाउँहरु जोड्ने गरि कृषि सडक संजाल विस्तार गरिनेछ।
- वडास्तरीय, पालिका स्तरीय, प्रदेश स्तरीय सडकको गुरुयोजना बनाई वर्गीकरण गरिनेछ।
- गाउँपालिकाको कार्यालय देखि सबै वडा जोड्ने सडकहरुको स्तरोन्तिलाई प्राथमिकतामा राखिनेछ।
- सबै खाले सडक, पदमार्ग, गोरेटा बाटाहरुको नियमित, आवधिक तथा आकस्मिक मर्मत सम्भार कार्यलाई नियमित गरिनेछ।
- चिङ्गाड खोला र यसका सहायक खोलाहरुमा आवश्यक स्थानमा झोलुङ्गे पुल, ट्रस तथा पक्की पुल निर्माण गरिनेछ।

**(ख) खानेपानी तथा सिंचाई :**

- पालिका भित्र खानेपानी संचालन तथा व्यवस्थापन गर्नका लागि “चिङ्गाड बृहत खानेपानी उपभोक्ता समिति” गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- प्रत्येक नागरिकहरुमा सुरक्षित खानेपानीको पहुँच वृद्धि गर्न पानीका मुहान संरक्षण, नियमित मर्मत सम्भार, खानेपानीको गुणस्तर परीक्षण मार्फत स्वच्छ, सुरक्षित र गुणस्तरीय

खानेपानीका साथै आवश्यक सबै ठाउँमा नयाँ खानेपानीका योजना निर्माण गरि हरेक घर, सार्वजनिक स्थल तथा कार्यालयहरुमा मिटर सहितको धारा जडानलाई जोड दिईनेछ।

- स्वच्छ र सुरक्षित पिउने पानीको प्रयोगका लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- खोला, मुहान तथा बर्षादको पानी संरक्षण गर्न नहर र पोखरी निर्माण गरी बृहत सिंचाई, सरल थोपा सिंचाई, फोहोरा सिंचाई, अपटेक सिंचाई आदिबाट कृषियोग्य सबै भूमिमा बाह्रै महिना पुग्ने सिंचाइको प्रबन्ध मिलाइने छ।

**(ग) विद्युत/उर्जा :**

- चिङ्गाड उज्यालो कार्यक्रम कार्यान्वयन गर्नका लागि यसै वर्ष बिद्युत आपुर्ति गर्ने प्रक्रियालाई तिव्रताका साथ अगाडि बढाईनेछ ।
- चिङ्गाड खोलाबाट जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गरी विद्युत उत्पादन कार्यलाई अगाडी वढाईने छ ।
- बैकल्पिक उर्जाका कार्यक्रमहरुलाई प्रर्वद्धन गरिनेछ ।

**४. वन वातावरण तथा विपद व्यवस्थापन :**

**(क) वन र वातावरण :**

- बन क्षेत्र, सडक किनारा, खोला क्षेत्र र सार्वजनिक स्थालहरुमा वृक्षारोपण गरि वन, वुट्यान र वृक्षले भरिभराउ हरियाली चिङ्गाड बनाइनेछ।
- बन क्षेत्र, सरकारी, पर्ति, ऐलानी तथा सार्वजनिक जग्गाहरुमा फलफुल, जडिबुटी तथा मसला जन्य बोट विरुवाहरु वृक्षारोपण गरि रोजगारी सृजना गरिनेछ।
- सामुदायिक वनहरुको भुमिकालाई संस्थागत शसक्त बनाई पारिस्थतिक प्रणाली, जैविक विविधता तथा पर्यावरणीय सन्तुलन कायम गरि पर्यापर्यटन प्रवर्द्धन, वातावरण संरक्षण र जलवायु अनुकुलनमा जोड दिइनेछ।
- वन तथा वातावरणमा प्रत्यक्ष रुपमा प्रभाव पार्ने आयोजनाहरु संचालन गर्दा क्षतिको क्षतिपुर्ति स्वरुप विरुवा रोपण तथा संरक्षण गर्ने नीति लिइनेछ।

**(ख) भू तथा जलाधार संरक्षण :**

- मुल/मुहान, पोखरी, खोलानाला, भूमिगत जल तथा जलाधार क्षेत्रको संरक्षण र संवर्द्धन गरिनेछ।
- वर्षाद तथा खोलानालाको पानी संकलन गरि जमिनको रिचार्ज गर्न, वातावरण संरक्षण, पारिस्थिक प्रणाली सन्तुलन एवं जलवायु अनुकुलन गर्न जलाधार क्षेत्रका उपल्ला भाग,

लेख/डाँडा, सुख्खा ठाउँ र खोला क्षेत्रमा पुराना पोखरी संरक्षण, नयाँ पोखरी तथा ड्याम निर्माण गरिनेछ।

- बाढी र पहिरोको जोखिम न्युनिकरण गर्न खोला तटीय क्षेत्र, पहिरोको जोखिम क्षेत्र, सडक किनारा लगायतका क्षेत्रमा तटबन्धन, जाली, पर्खाल लगाउनुका साथै वृक्षारोपण गरिनेछ।
- भू-संरक्षणका लागी जमिनको खण्डीकरणलाई निरुत्साहित गरि बाजोखेतीको प्रयोग, करार खेती र चक्लाबन्धीलाई प्रोत्साहन गरिनेछ।
- चिङ्गाड क्षेत्र भित्रका खोलाहरुमा बाँध निर्माण र कृषि योग्य क्षेत्रमा गह्रा सुधार कार्यक्रम लागु गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सम्पुर्ण सार्वजनिक जग्गाहरुको लगत कायम गरि संरक्षण गरिनेछ।

**(घ) विपद व्यवस्थापन :**

- प्राकृतिक विपद, प्रकोप तथा जोखिम न्यूनिकरण गर्न सचेतना अभिवृद्धि गर्दै विपद व्यवस्थापन समिति, जनप्रतिनिधि, प्रशासनिक संयन्त्र, नागरिक समाज र आम नागरिकको भुमिकालाई सशक्त बनाई विपद व्यवस्थापन कोषमा प्रयाप्त बजेट विनियोजन गरिनेछ।
- प्रकोप, विपद तथा जोखिम व्यवस्थापन गर्न गाउँपालिकाको संस्थागत क्षमता बढाउनुका साथै पालिका स्तरीय र वडास्तरीय विपद व्यवस्थापन समितिलाई थप क्रियाशिल वनाइ विपद तथा जोखिम न्यूनिकरणको पूर्वतयारीलाई व्यवस्थित बनाइनेछ।
- विपदले निम्त्याउन सक्ने आपतकालिन अवस्थाको सामना गर्न नेपाल रेडक्रस सोसाइटी, लायन्स क्लवअफ इन्टरनेसनल, नेपाल जेसीज, उद्योग वाणिज्य संघ, सुरक्षा निकाय, अन्य सरोकारवाला गैर सरकारी संस्था, स्वास्थ्य चौकी तथा अस्पताल, नागरिक समाज र आम संचार मध्याम संग Rapid Response Team (RRT)बनाई समन्वय र सहकार्य गरिनेछ।
- आगलागी, भूकम्प, चट्याङ, महामारी रोग, बाढी, पहिरो आदिको संभावना, जोखिम र यसको न्यूनिकरण तर्फपूर्व तयारी एवं जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ।
- विपद् व्यवस्थापनका लागि मानविय, भौतिक एवं प्राविधिक स्रोत साधनतथा सूचना प्रणाली र प्रविधिको यथोचित्त प्रवन्ध मिलाइनेछ।

**सभा सदस्य ज्यूहरु :**

**५. संस्थागत विकास, सेवा प्रवाहर सुशासन :**

- गाउँकार्यपालिका तथा वडा कार्यालयहरुका स्थायी संरचनाहरु निर्माण गरिनेछ।
- गाउँपालिका तथा वडा कार्यालयको कार्यसम्पादन तथा सेवा प्रवाहको स्तरलाई थप पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउनका लागि गाउँपालिका तथा वडा कार्यालयमा डिजिटल बडापत्र निर्माण गरिनेछ।
- एक वडा एक प्राविधिकको नीतिलाई अबलम्वन गरिनेछ।

- व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनिवार्य अनलाईन प्रविष्टि प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुलाई बैंकिङ्ग प्रणाली मार्फत मात्र रकम भुक्तानी गरिने व्यवस्थालाई सहज र प्रभावकारी बनानाइनेछ।
- सुशासन कायम गर्न नागरिक वडा पत्र, उजुरी र गुनासो सुनुवाईमार्फत सेवा प्रवाहमा निरन्तर सुधार ल्याइनेछ।
- वित्तीय अनुशासन र पारदर्शिता कायम गर्ने प्रतिबद्धता सहित लेखापरीक्षण प्रतिवेदनका सुझावहरुको पालना गरिनेछ।
- बेरुजु न्यूनीकरण तथा फछ्र्यौटका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।
- प्रोत्साहन, पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- न्याय सम्पादनलाई प्रभावकारी बनाउन न्यायिक समिति व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ।
- प्रभावकारी सेवा प्रवाह, क्षमता विकास र संघीयताको प्रभावकारी कार्यान्वयनका लागि अन्तर निकाय समन्वयमा जोड दिईनेछ।
- गाउँपालिकाबाट संचालित विभिन्न योजना कार्यक्रम र सेवा प्रवाहमा निरन्तर सुधार ल्याउन चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ।
- सर्वसाधारण जनताको पहुँचमा वडा कार्यालयको सेवालाई प्रभावकारी बनाउँदै कार्यालयहरुलाई प्रविधि मैत्री बनाउने र वडा कार्यालयहरुको पूर्वाधार विकास गर्ने नीति अवलम्वन गरिनेछ।
- गाउँपालिकाको स्वामित्वमा रहेका, भोगचलन तथा संरक्षरणमा रहेका भवन, जग्गा जमिन र प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ।
- सेवा प्रवाहमा पारदर्शिताका लागि पत्रपत्रिका, वेभसाइट, सूचना तथा रेडियोबाट प्रकाशन/प्रसारण गरी पालिकाबासी नागरिकलाई सुसुचित गरिनेछ।
- भ्रष्टाचारमुक्त गाउँपालिका बनाउन शुन्य सहनशिलताको नीति लिईनेछ।
- सामुदायिक प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।
- सूचना मैत्री प्रविधिको प्रयोग गरी सेवालाई छिटो र छरितो, चुस्त, दुरुस्त एवं पारदर्शी रुपमा प्रवाह गर्ने नीति लिइनेछ।
- सूचना प्रविधिको अत्यधिक उपयोग गर्न सूचना व्यवस्थापन प्रणालीमा स्तरोन्नती, डिजिटल प्रोफाइल निर्माण गरिनेछ।
- चिङ्गाड गाउँपालिका भित्रका असाहय र विपन्न नागरिकलाई निःशुल्क कानुनी सेवा दिइनेछ।
- न्यायीक प्रवर्धन तथा सामाजिक न्याय एवं समन्याय कायम गर्न न्यायीक अनुशिक्षण कार्यक्रम संचालन गरिनेछ।

६. **मानव संसाधन विकास तथा व्यवस्थापन :**

- यस गाउँपालिका भित्रका जनप्रतिनिधिहरु, विषयगत शाखा, वडा कार्यालय र पालिका मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरु, सबै तहका शिक्षकहरुको व्यक्तिगत तथा संस्थागत क्षमता विकासका लागि आवश्यक तालिम, गोष्ठी, सेमिनार, कार्यशाला, अध्ययन तथा अवलोकन भ्रमण संचालन गरिनेछ।
- कर्मचारीहरुको कार्यसम्पादन अभिवृद्धि गरी उच्च मनोवलका साथ सेवाप्रति समर्पित गराउन कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई अवलम्वन गर्ने नीति लिईनेछ।
- गाउँपालिका भित्र र मातहतका कार्यालयमा कार्यरत सम्पुर्ण राष्ट्रसेवक कर्मचारी स्वास्थ्यकर्मीहरुलाई कार्यचाप र कार्यसम्पादनका आधारमा विशेष प्रोत्साहन गर्ने निति लिईनेछ।
- पालिका, वडा र मातहतका कार्यालय तथा सेवा केन्द्रबाट हुने सेवाप्रवाहको प्रभावकारी नियमनको लागि अनुगमन समितिलाई थप क्रियाशील बनाइनेछ।
- समयानुकूल ढंगले कर्मचारीको वृत्ति विकास, सरुवा तथा बढुवा लगायत जिम्मेवारीमा हेरफेर गरी कार्यसम्पादनमा चुस्तता ल्याइनेछ।
- चिङ्गाड गाउँपालिका भित्रका शिक्षित युवाहरुलाई निजामती सेवा तथा शिक्षक सेवामा आकर्षण बढाउन लोक सेवा र शिक्षक सेवाका अभिमुखिकरण कक्षाहरु संचालन गरिनेछ।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट “कृषि, पर्यटन, पूर्वाधार र रोजगारीः समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी" को दिर्घकालिन सोच तथा "समृद्ध चिङ्गाड र खुसी चिङ्गाड बासी" को अभिष्ट पुरा गर्ने मार्ग प्रशस्त भई समतामुलक र समन्याय युक्त समाज सहित दिगो विकास र सुशासन कायम हुने विश्वास सहित सम्बद्ध सबै पक्षबाट सहयोग, सहकार्य र समन्वय हुने अपेक्षा लिएको छु।

**धन्यवाद**

**बोधबिक्रम जि.सी.**
**साभध्यक्ष**

“कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : संमृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी”

# गाउँपालिका उपाध्यक्ष श्री मिना कुमारी रोकाय ज्यूबाट

# सभामा पेश भएको

# आर्थिक वर्ष २०८०।०८१ को

# बजेट मन्तव्य

चिङ्गाड गाँउपालिका

गाउँकार्यपालिकाको कार्यालय

अवलचिङ्ग, सुर्खेत

२०८० असार १०

सभाका सभाध्यक्ष तथा सदस्य ज्यूहरु ,

१. चिङ्गाड गाउँपालिकाको उपाध्यक्ष्यको हैसियतले यस सम्मानित सभामा आगामी आ.व.२०८०।०८१ को बजेट प्रस्तुत गर्न पाउँदा महत्वपुर्ण जिम्मेवारी बोध सहित अत्यन्त गौरवान्वित भएको छु ।

देशको रक्षा तथा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका लागि राणा शासन, पंचायती व्यवस्था त कहिले निरङकुश राजतन्त्र विरुद्ध भुमिगत एवं अर्ध भूमिगत निर्वासनमा बसेर नेपाली जनताबाट पटक पटक भएका जनआन्दोलन, जनयुद्ध तथा सशस्त्र संघर्षको क्रममा ज्यान उत्सर्ग गर्नुभएका महान सहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। विभिन्न संघर्षमा परि घाइते तथा अपाङ्ग हुनुभएका योद्धाहरुको पुर्ण स्वास्थ्य लाभको कामना एवं पिडित नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै राजनितिक दल, नागरिक समाज, बुद्धिजिवि, विद्यार्थी, व्यापारी, मजदुर, किसान लगायत सम्पुर्ण नेपाली दिदिबहिनी दाजुभाइहरुको योगदानलाई हार्दिक स्मरण गर्दछु।

१.नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रम र चालु आवधिक योजना एवम स्थानीय सरकार संचालन ऐन २०७४ एवम अन्य नीति तथा कानुन र कार्यविधिबाट निर्देशित हुदै यसै सम्मानित सभामा स्वीकृत चिङ्गाड गाउँपालिकाको सात औ पटक बजेट पेश गरिएको बार्षिक नीति कार्यक्रम तथा योजनालाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु ।

२. स्वास्थ्य महामारी तथा अन्य कारण भइरहेको जीवनको क्षति र जोखिमलाई मध्यनजर गर्दै गाउँपालिकाको सम्पुर्ण श्रोतसाधन र संयन्त्र, स्वास्थ्य उपकरण, जनशक्ति परिचालन र औषधिको व्यवस्था सहित महामारीको न्युनीकरण तथा प्रतिकार्यमा कुनै कमी हुन नदिन गाउँपालिका हरपल प्रयत्नमा रहेको कुरा यस गरिमामय सभामा अवगत गराउन चाहान्छु

३. "कृर्षि पर्यटन पूर्वाधार र रोजगारीः समृद्ध चिङ्गगाड हाम्रो जिम्मेवारी " भन्ने नारालाई व्यवहारमा रुपान्तरण गर्न चिङ्गाडबासीको जीवनस्तरमा क्रमश सुधार ल्याउन गाउँपालिका दृढ संकल्प रहेको छ ।

४. वित्तीय संघीयता अनुरुप विभिन्न तह र निकायबाट प्राप्त हुने अनुदान र राजस्वलाई प्राथमीकिकरण गरी बजेटका प्राथमिकता र उद्धेश्य हासिल हुने कार्यक्रममा लगानी केन्द्रित गरिएको छ । यो लगानीबाट उत्पादन तथा उत्पादकत्व वृद्धि,गरिवी न्यूनीकरण र रोजगारी तथा स्वरोजगारका अवसर वृद्धि गर्दै बढ्दो महामारीलाई नियन्त्रण तथा रोकथाम गरि समग्र गाउँपालिकाको विकास र सम्बृद्धिका लक्ष्य हासिल हुने अपेक्षा गरिएको छ ।

**सभाका सभाध्यक्षज्यू तथा सदस्य ज्युहरु**

५. आगामी आ.व. २०८०।८१ को बजेट "समृद्ध चिङ्गाडबासी सुखी चिङ्गाडबासी"को लक्ष्य हासिल गर्ने मूल उद्देश्य रहनेछ भने अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन ।

- ✓ संक्रामक रोग लगायत सबै प्रकारका रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउँन स्वस्थ्य चिङ्गाडबासीको परिकल्पना पुरा गर्ने ।
- ✓ भौगोलिक विकटताले छाएको गाउँपालिकालाई प्रत्येक वडामा बाह्रै महिना सवारी साधन चल्न सक्ने गरी सडक स्तरोउन्नतीका लागि निर्माण **सडक गुरुयोजना**को प्रभावकारी कार्यन्वयन गर्नुका साथै चिङ्गाड चक्रपथको सम्भाव्यताको विस्तृत अध्ययन गरि निर्माण कार्य लाइ अगाडी बढाउने।
- ✓ चिङ्गाड गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका माध्यामिक विद्यालयहरु मध्येबाट उत्कृष्ठ कार्यसम्पादन लगायतका मापदण्ड भित्र रहि एक चिङ्गाड नमुना विध्यालय बनाउने ।
- ✓ पढाई व्यवस्थापन अनुदान मार्फत गाउँपालिका भित्रका न्युन शिक्षक दरबन्दी तथा कर्मचारी भएका विद्यालयहरुमा पालिका स्तर बाटै दरबन्दी श्रृजना गरि शिक्षा क्षेत्रको विकास र व्यवस्थापनलाई ध्यान दिई गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- ✓ अति विपन्न र लक्षित वर्गहरुलाई राज्यको मुलधारमा समाहित गर्न विभिन्न लक्षित कार्यक्रम मार्फत शसक्तिकरण गरि समानता कायम गर्ने ।
- ✓ "एक पटक पुँगौ र घुँमौ चिङ्गाड" भन्ने मुल ध्येयका साथ गाउँपालिका भित्र रहेका महत्वपुर्ण पर्यटकिय क्षेत्रको पहिचान गरि पर्यटकिय गुरुयोजना बनाई पर्यटक भित्र्याउने र पर्यटकिय गतिबिधि अभिवृद्धि गर्ने आधार बनाउने।
- ✓ "पालिकाको साथ ज्येष्ठ नागरिकको आस" भन्ने नारालाई सार्थकता दिनका लागि पालिका भित्र रहेका ६० बर्ष माथिका एकल पुरुषहरुलाई दैनिकी संचालन तथा हेरचाह र स्वास्थ्य अवस्थामा समेत सुधार ल्याउनुका साथै पारिवारिक अपहेलना बाट बंचित नहुनका लागि एकल पुरुष भत्ताको व्यवस्था लाइ निरन्तरता दिने ।
- ✓ बालबालिकाको पठनपाठनमा सहजता ल्याउनका साथै स्थानीय बस्तुस्थितिको बारे जानकारी दिइ वस्तुनिष्ठ पढाइ र सिकाइ लागि स्थानीय पाठ्यक्रमको प्रभावकारी लागु गर्ने ।
- ✓ पालिकाभित्रका नागरिकहरुको आपतकालिन तथा आकस्मिक विपदजन्य गतिविधीबाट जोगाउनका लागि आकस्मिक विपद संचालन केन्द्र स्थापना गरि सामाग्रीको व्यवस्थापन गर्ने ।

६. सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न स्वास्थ्य क्षेत्रलाई मेरुदण्ड मानी सबै किसिमका क्रियाकलाप संचालन गर्ने ।

७. नागरिकका लागि काम र रोजगारीका अवसर एवम सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्ने।

८. कृषि बाली तथा पशु उत्पादनलाई प्रोत्साहन गर्दै कृषि तथा पशुको उत्पादन बढाई आधुनिकीकरण विविधिकरणा तथा व्यवशायीकरण गर्ने।

९. स्थानीय उपलव्ध स्रोत साधन,अवसर र क्षमताको अधिकतम उपयोग गरी गाउँपालिकाको सर्वपक्षीय विकास गर्ने ।

१०. सुरक्षित खानेपानी मा जनताको पहुच अभिवृद्धि गर्ने ।

११. प्राथमिकता प्राप्त अधुरा आयोजनाहरुलाई निरन्तरता दिने ।

**आदरणीय सभाध्यक्ष्य तथा सदस्य ज्युहरु**

अब म चालु आ.व. २०७९/०८० को हालसम्मको यथार्थ आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

१२. १२ औ गाउँसभाबाट अनुमानित ३९ करोड ३८ लाख बजेट विनियोजन भएकोमा २०७९ असार१० गतेसम्म वितिय समानीकरण र राजश्व तर्फको अनुमानित चालु तर्फ ७ करोड ८६ लाख ८२ हजार ७ सय ६५ र पूँजीगत तर्फ ३ करोड २९ लाख ४२ हजार ८३ साथै प्रदेश तथा सघिय शसर्त अनुदान चालुतर्फ ११ करोड ५ लाख २९ हजार ४० रुपैया र पुँजीगत तर्फ २ करोड ३ लाख ४५ हजार ५ सय ५ रुपैया खर्च भएको छ ।

१३.चालु आ.व. २०७९।०८० को हालसम्म २५ लाख रुपैया राजस्व असूल हुने लक्ष्य राखिएकोमा हालसम्म रु.२३ लाख ५३ हजार (कार्यालयका विभिन्न प्रकारका राजश्व समेत गरि) रुपैंया असूल भएको देखियो ।

१४.**यस सम्वन्धी विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।**

**सभाका सभाध्यक्ष् तथा सदस्य ज्युहरु**

१५.अब म आगामी आ.व. २०८०।८१ को यस गाउँपालिकाको कुल आय व्यय विवरण सहितको संक्षिप्त विवरण राख्न चाहन्छु ।

- आन्तरिक राजस्व २५ लाख ५० हजार मात्र।
- संघीय वित्तीय समानीकरण ८ करोड ।
- संघीय राजस्व बाँडफाँड ८ करोड ३१ लाख ३२ हजार ४ सय ।
- प्रदेश वित्तीय समानीकरण ८५ लाख ४३ हजार ।
- प्रदेश सवारी कर ५ लाख ११ हजार ८ सय ४० ।
- सशर्त अनुदान संघीय २१ करोड ।
- प्रदेश सशर्त अनुदान १ करोड ९७ लाख १६ हजार।
- आ.व. २०७९।०८० को अनुमानित मौज्दात ५० लाख ।

गरि कुल जम्मा बजेट रु ४० करोड ४५ लाख ३ हजार २ सय ४० रुपैयाको आय अनुमान पेश गरेको छु । जसमध्ये व्यय तर्फ अनुमानित चालु तर्फ २६ करोड ९१

लाख १५ हजार मात्र र पुँजीगत तर्फ १३ करोड ५३ लाख ८८ हजार दुइ सय चालिसको सन्तुलित बजेट यस सभा समक्ष पेश गरेको छु ।

**यस सम्वन्धी विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।**

यसका अतिरिक्त संघीय तथा प्रदेश सरकार अन्य संघ संस्थासँगको साझेदारीमा कार्यक्रम संचालन गर्नका लागि थप योजना र कार्यक्रम प्राप्त हुन सक्ने संभावना समेतलाई मध्यनजर गरि गाउँपालिकाको साझेदारी कोषमा १ करोड ४० लाख बजेटको व्यवस्था गरेको छु ।

**सम्मानित सभाध्यक्ष ज्यू अब म आगामी आव २०८०।०८१ को बार्षिक नीति तथा कार्यक्रमको लागि क्षेत्रगत र विषयगत शाखा लाई विनियोजन गरिएको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

१६. पालिका स्तरका सम्पुर्ण स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन गर्नका लागि एकमुष्ठ स्वास्थ्य शाखा मार्फत कार्यक्रम कार्यान्वयन गर्नका लागि रु.१ करोड १३ लाख बजेट बिनियोजन गरेको छु ।

१७. गाउँपालिका स्तरीय गौरवका योजनाका रुपमा रहेका डिपिआर भै स्तरोन्नतीको प्रक्रियामा रहेका योजनाहरुलाई संघ तथा प्रदेश सरकार सँग साझेदारीमा सम्पन्न गर्नका लागि आवश्यक पर्ने विस्तृत परियोजना प्रतिवेदन तयार गर्नका लागि अनुमानित रु.३० लाख बजेटको व्यवस्था गरेको छु ।

१८. गाउँपालिका भित्रका स्वास्थ्य स्वयंमसेविकाहरुको मनोबल उच्च बनाई नागरिकहरुको स्वास्थ क्षेत्रमा पहुँच अभिवृद्धि गर्नका लागि स्वयंसेविका प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु ।

१९. चिङ्गाड गाउँपालिका भित्र रहेका उच्च शिक्षा अध्ययन गर्ने गरिब विपन्न जेहेन्दार विद्यार्थीहरुलाई गाउँपालिका मार्फत डाक्टर, ईन्जिनियर, पाईलट, कृर्षि विज्ञ, पशु चिकित्सक लगायतका विशिष्टकृत क्षेत्रहरुको अध्ययनमा सहयोग गर्ने हेतुका साथ उच्च शिक्षा अध्ययन छात्रवृत्ती मार्फत एकमुष्ठ रु.१० लाख रकम विनियोजन गरेको छु ।

२०. पालिकाको साथ ज्येष्ठ नागरिकको आस भन्ने मुल नारालाई मध्यनजर गर्दै बुढेसकालको शारथीको रुपमा ६० वर्ष माथिका एकल पुरुषलाई प्रतिमहिना प्रतिव्यक्ति रु. १५ सयका दरले एकल पुरुष भत्ता वितरण गर्न रु.१० लाख बजेटलाई निरन्तरता दिईएको छु ।

२१. पालिका भित्रका नागरिकहरुका बालबालिकालाई प्रोत्साहन गर्नका लागि बुवा वा आमा गुमाएकालाइ शैक्षिक प्रोत्साहन स्वरुप शैक्षिक प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु ।

२२.यस गाँउपिलका भित्रका भुमिहिन दलित भुमिहिन सुकुम्बासि र अब्यबस्थित बसोबासीहरुको समस्या तत्काल यसै आ.ब मा समाधान गर्नको लागि राष्ट्रिय भूमी आयोग चिङ्गाड सेवा केन्द्र संचालन तथा व्यवस्थापनको लागी रु.१० लाख बजेट बिनियोजन गरेको छ ।

२३. पालिका भित्रका विभिन्न स्थानमा संचालन भएका सबै किसिमका व्यवशायहरुलाई एकरुपता तथा राजश्व प्रणालीमा आबद्ध गर्नका लागि श्रावण १ गतेदेखि लागुहुने गरि व्यवशाय दर्ता शिविर संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।साथै राजस्व सुधार योजना बनाइ राजस्व प्रशासनलाइ ब्यबस्थित रुपमा परीचालन गर्न आबश्यक बजेटको ब्यबस्था गरेको छ ।

२४.गाउँपालिका भित्र आर्थिक अबस्थाको यथार्थ तथ्याङ्क संकलनको लागी आर्थिक सवेक्षण गर्न रु. ३ लाख रुपैयाँ बिनियोजन गरेको छ ।

२५.सुरिक्षत खानेपानीमा जनताको पहुँच अभिवृद्धि गर्न खानेपानी परीक्षण प्रयोगशाला स्थापना तथा व्यवस्थापनका लागी आवश्यक प्रबन्ध मिलाएको छ ।

२६.चिङ्गाड गाउँपालिका भित्र प्रचलनमा रहेका कला संस्कृतिको संरक्षण संम्वर्द्धन र प्रवर्द्धन गर्नका लागि रु. ५ लाख रकम विनियोजन गरेको छ ।

२७.जनताको वरिपरि सेवा भन्ने मुल मर्मलाई आत्मसाथ गर्दै बिकट भौगोलिक क्षेत्रमा रहेका सरकारको पहुँच भन्दा बाहिर रहेका नागरिकहरुलाई एकिकृत सेवा प्रवाह गर्नका लागि एकिकृत घुम्ती शिविर संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेकोछ ।

२८. बालबिवाह मुक्त र लैङ्गिक हिंसा मुक्त गाउँपालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिनका लागि महिला बालबालिका शाखा मार्फत अभियान संचालन गर्ने व्यवस्था गरेको छ । साथै दलित विपन्न समुदायलाई उत्पादनमुलक आयआर्जनमा आकर्षित गर्नका लागी आवश्य बजेट बिनियोजन गरेको छ ।

२९. गाउँपालिका भित्र रहेका सम्पुर्ण अपाङ्ग बालबालिका तथा (ग) र (घ) बर्गका अपाङ्ग नागरिकहरुलाई आयआर्जनमा  समाहित गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

३०.नागरिक आरोग्य सेवा संचालन गर्नका लागि पालिका भित्रका जडिबुटि खेतीलाई पहिचान गरि योग साधना ध्यानमा आकर्षित गर्नका लागि रु.५ लाख रकम विनियोजन गरेको छ ।

३१.गाउँपालिका भित्रका ६ वटै वडाहरुमा कृर्षि जन्य गतिविधि प्रभावकारी रुपमा संचालन गर्न तथा कृषि जन्य उपजहरुको बजारीकरणमा सहजिकरण गरी कृषकहरुको माग आपूर्ती गर्न उत्पादनमा आधारीत अनुदान कार्यक्रममा रु. १० लाख बजेटको ब्यबस्था गरेको छ ।

३२.गाउँपालिका भित्रका पशुपालकहरुलाई सम्बोधन गर्ने हेतुका साथ डेरी पकेट कार्यक्रम मार्फत दुधमा आत्मनिर्भर कार्यक्रम  सहित पशु उत्पादकत्व वृद्धि तथा दुध तथा मासुजन्य बस्तुहरुको उत्पादन तथा सो को बजारीकरण गरी पशुपालक किसानरुको आयआर्जनमा बृद्धि गरी आत्मनिर्भर ब्यबसाय संचालनका लागि रु. ७ लाख बजेट बिनियेजन गरेको छ ।

३३. आकस्मिक तथा आपतकालिन प्रकोप तथा विपदजन्य गतिविधि रोक्नका लागि पालिकास्तरीय आपतकालिन विपद संचालन केन्द्र स्थापना तथा व्यवस्थापनका लागि रु.१५ लाख बजेटको व्यवस्था गरेकोछु ।

३४. पढाई व्यवस्थापन अनुदान मार्फत गाउँपालिका भित्रका न्युन शिक्षक दरबन्दी तथा स.का. तथा विद्यालय कर्मचारी भएका विद्धालयहरुमा पालिका स्तर बाटै दरबन्दी श्रृजना गरि शिक्षा क्षेत्रको विकास र व्यवस्थापनलाई ध्यान दिई गुणस्तरीय शिक्षा प्रदान गर्ने हेतुका साथ पालिका स्तरका अनुदान उपलब्ध हुने विद्यालयहरुलाई अनुदानको निरन्तरता दिनका लागि एकमुष्ठ रु. १ करोड ६५ लाख बजेट विनियोजन गरेकोछु। साथै अन्य शैक्षिक गतिबिधिहरु संचालन गरी शैक्षिक गुणस्तर कायम गर्न एकमुष्ठ रु.६६ लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।

३५. नेपालको संविधानमा भएको व्यवस्था बमोजिम न्यायिक समितिलाई थप मजबुत पार्नका लागि तथा न्यायिक अभ्यास र न्यायमा सबै नागरीकहरुको समान पहुच अभिबृद्धि गर्नको लागी न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता अभिवृदि कार्यक्रमका लागी रु. ३ लाख बजेट बिनियोजन गरेको छु ।

३६. गाउँपालिका भित्र संचालन भैरहेका प्राविधिक धारका विद्यालयहरुलाई प्रोत्साहन गर्नका लागि कार्यसम्पादनमा आधारित रहि प्रति विद्यालय रु.२ लाख अनुदान दिने ब्यवस्थालाई निरन्तरता दिएको छु ।साथै चिङ्गाड गाउँपालिका भित्र खेलकुद गतिविधि मार्फत युवा परिचालन गर्नका लागि खेलकुद विकास समितिलाई सकृय बनाउनका लागि खेलकुद कार्यक्रम मार्फत रु. ३ लाख रकम विनियोजन गरेको छु ।

३७. चिङ्गाड गाउँपालिका भित्र कार्न्यरत करार सेवाका कर्मचारीहरुको तलबमानमा एकरुपता कायम गर्न आवश्यक बजेटको विनियोजन गरेको छु ।

३८. जनआन्दोलन जनयुद्ध तथा सशस्त्र द्धन्द्ध बाट सहिद, वेपत्ता पारिएका घाईते योद्धा, अंगभंग भएका चिङ्गाड बासी प्रभावित परिवारका नागरिकहरुलाई सम्मान गर्ने हेतुका साथ आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३९. महिला हिंसा न्युनिकरण राज्यको हरेक क्षेत्रमा महिला हरुको समान पहुच आत्मनिर्भर र सिर्जनसिल महिला उधमिको निर्माण तथा अपाङ्गता भएका र उत्पिडनमा रहेका बालबालिकाको सबलिकरण र प्रोत्साहनका लागि महिला बालबालिका तथा समाज कल्याण इकाइ मार्फत रु. २५ लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।

४०. दलित बिपन्न तथा आदिवासी जनजातीको आयआर्जनमा टेवा पुर्याउने उद्धेश्यले दलित तथा आदिबासी जनजाती आयआर्जन कार्यक्रम मार्फत आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

४१. सार्वजनिक विदाका दिनमा समेत स्वास्थ्य सेवा उपलब्ध गराउनका लागी आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

अन्त्यमा, बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने गाउँपालिका अध्यक्ष्य ज्यू,कार्यपालिकाका सदस्य ज्युहरु, राष्ट्रसेवक कर्मचारीहरु,राजनीतिक दलका प्रतिनिधिहरु,स्थानीय अगुवाहरु एवम् सम्पूर्ण गाउँपालिका वासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद
मिना कुमारी रोकाय
गाउँपालिका उपाध्यक्ष
एवम
बार्षिक बजेट तथा कार्यक्रम
तर्जुमा समिति संयोजक